REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 05.09.2024

टिचर्स डे (नेश्नल)

सारा देशमा आज शिक्षक दिवस मनाइयो। प्रत्येक वर्ष पाँच सितम्बरमा डा. सर्वपाली राधाकृष्णनको जयन्तीलाई राष्ट्रिय शिक्षक दिवसको रूपमा मनाइन्छ।

यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मूले नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित एउटा समारोहमा बयासीजना शिक्षकहरूलाई राष्ट्रिय शिक्षक पुरस्कार 2024 ले सम्मानित गर्नुभयो।

यी मध्ये सिक्किम राज्यबाट गान्तोकको मोडन उच्चतर माध्यमिक विद्यालयकी स्नातक शिक्षक श्रीमती याङ्किकला लामा पनि सामेल हुनुहुन्छ।

आफ्नो वक्तव्यमा राष्ट्रपतिले शिक्षालाई समावेशी बनाउनमा शिक्षकहरूको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो नयाँ शिक्षा नीतिमा कौशल विकासमाथि विशेष ध्यान दिइएको छ जसद्वारा नानीहरूको सर्वाङ्गीण विकास हुनेछ।

टिचर्स डे (स्टेट)

यता राज्यमा पनि आज शिक्षक दिवस भब्य रूपमा मनाइयो।

गान्तोकको मनन केन्द्रमा आयोजित राज्यस्तरीय कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामङ मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

यस अवसरमा सरकारी पाठशालाका दसजना शिक्षकहरूलाई राज्य शिक्षक पुरस्कारले सम्मानित गरियो।

पुरस्कारको रूपमा पचास हजार रुपियाँ धनराशि र प्रंशसा पत्र प्रदान गरियो।

2023 सालको राष्ट्रिय शिक्षक पुरस्कारले अंलकृत सोरेङ उच्चतर माध्मिक विद्यालयका प्राचार्य श्री पूर्ण बहादुर छेत्रीलाई एक लाख रूपियाँ प्रदान गरिएको छ।

यसै गरी प्रशस्ति पत्रले सम्मानित विभिन्न विद्यालयका छब्बीसजना शिक्षकहरूलाई पच्चीस हजार रूपियाँ र प्रशंसा पत्र प्रदान गरियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले भन्नुभयो सुखी सिक्किम र समृद्ध सिक्किमका लागि शिक्षा प्रणालीमा सुधार ल्याउन आश्यक छ।

राज्य सरकारले शिक्षण व्यावसायलाई एउटा सम्मानित पेशा बनाउने दिशातर्फ पहल गरिरहेको कुरो बताउँदै श्रीतामङ्ले राज्यमा शिक्षा क्षेत्रमा गरिएका उल्लेखनीय कार्यहरूबारे अवगत गराउनुभयो।

मुख्यमन्त्रीले भन्नुभयो बजटमा सरकारले सर्वाधिक तेह्र प्रतिशत धनराशि शिक्षा विभागका लागि आबंटित गरेको छ।

श्री तामङ्ले घोषणा गर्नुभए अनुसार आगामी वर्षदेखि राज्यमा राज्यस्तरीय मोडल स्कूल स्थापना गरिनेछ।

प्रत्येक वर्ष मुख्यमन्त्री मेधावी छात्रवृत्ति योजना अन्तर्गत धेरै धनराशि खर्च गरेर चयन भएका विद्यार्थीहरूलाई राज्य बाहिरका प्रख्यात विद्यालयहरूमा पढने अवसर प्रदान गरिएको कुरो बताउँदै उहाँले भन्नुभयो त्यही खर्चमा राज्यका उत्कृष्ट शिक्षकहरूलाई लिएर मोडल स्कूल स्थापित गरिनेछ।

कार्यक्रमलाई शिक्षा मन्त्री श्री राजु बस्नेतले पनि सम्बोधन गर्नुभयो।

समारोहमा शिक्षा क्षेत्रमा सुधार ल्याउने प्रतिबद्धता अनुरूप चिफ मिनिस्टर मेन्टरशीप प्रोग्रामको पनि विधिवत शुभारम्भ गरियो।

दशौं श्रेणीको बोर्ड परीक्षामा शत प्रतिशत उत्तीर्ण दरको लक्ष्य प्राप्त गर्नु र प्रत्येक विद्यार्थीले सफलता हासिल गर्नका लागि आवश्यक मार्गदर्शन पाएको सुनिश्चित गर्नु यस योजनाको उद्देश्य रहेको छ।

राज्यका अन्य स्थानमा पनि आज शिक्षक दिवस मनाइएको पिपोर्टहरू प्राप्त भइरहेछन्।

एक्सिडन्ट

पाकिम  जिल्ला अन्तर्गत रिनाक र रंगलीबीच दलपचन्द डांड़ा नजीकै भर्टिकल भीरमा आज बिहान सेनाको वाहन दुर्घटनाग्रस्त हुँदा चारजना सेनाका जवानहरूले ज्यान गुमाए।

वाहन सड़कबाट लगभग सात आठसय फीट तल झर्यो।

त्यो वाहन पश्चिम बंगाको पेदोङदेखि भारत चीन सीमा अधिन जुलुकतर्फ गइरहेको बेला दुर्घटनाग्रस्त भएको बताइन्छ।

प्राप्त जनाकारी  अनुसार तीन  जनाको घटना स्थलमै मृत्यु भयो भने गम्भीर अवस्थामा रहेका एक जना  सेनाका जवानले नजीकै अस्पताल लैजाँदा बाटैमा प्राण त्याग गरे।

मृतकहरू बिनागुड़ी एएमसी इकाईका जवानहरू थिए।

सिएम

जापान अन्तर्राष्ट्रिय सहकारी एजेन्सी जेआईसिए को एउटा शिष्टमण्डलले आज गान्तोकमा मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित भेट गर्यो।

टोलीको नेतृत्व दक्षिण एशिया डिभिजनका वरिष्ट निदेशक श्री सुनौची तात्सुहिकोले गर्नुभएको थियो।

भेटघाटका बेला मुख्यमन्त्रीलाई सड़क तथा पुल विभागको प्रगतिबारे अवगत गराइयो।

केन्द्र सरकारको आर्थिक मामिला विभागसमक्ष प्रस्तुत गरिएको प्रारम्भिक परियोजना रिपोर्ट अनुसार चारवटा सड़क र एउटा पुलको दर्जा बढ़ाउने योजना तयार पारिएको छ जसका लागि जेआईसिए को पूर्वाधार विकास पहल अन्तर्गत धनराशिको    मांग गरिएको छ।

शिष्टमण्डलका सदस्यहरूले दुवै पूर्वाधार र पर्यावरणको लक्ष्य पूरा गर्नका लागि यी परियोजनाहरूलाई दिगो विकाससित सम्मिलित गर्नुको महत्वारे चर्चा गरे। बैठकमा सड़क तथा पुल विभागका वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए।

फुटबल

सिक्किम फुटबल संघको तत्वाव धानमा गान्तोकको पाल्जोर स्टेडियममा आजदेखि एसएफए ए डिभिजन सुपर लीग 2024-25 आरम्भ भएको छ।

लीगको आरम्भिक म्याचमा आज सिक्किम पुलिसले, हाउलर्स स्पोर्टिङ क्लबलाई एकको विरूद्ध चार गोलले परास्त गर्यो।

दोस्रो खेलामा सिक्किम बोइस् फुटबल क्लब र साङ मुस्ताङ फुटबल क्लब दुई दुई गोल गरी बराबरीमा रहे।